आज मिति २०७७/०७/१८ गते मंगलवारको दिन माननीय अर्थमन्त्री बिष्णुप्रसाद पौडेलज्यूको समुपस्थितिमा कोरोना बीमाको दावी भुक्तानी सम्वन्धमा देखिएका समस्याको सन्दर्भमा छलफल सम्पन्न भयो। बीमा दावी भुक्तानी कार्यलाई सरल र सहज बनाउने सन्दर्भमा देहाय बमोजिम गर्ने गरी निर्णय सहित छलफलमा भएका निर्णयहरुको तत्काल कार्यान्वयन गर्न माननिय मन्त्रीज्यूबाट निर्देशन भयो।

१. बीमा समितिवाट जारी गरिएको बीमालेख बमोजिम कोरोना बीमा दावी गरेका बिमितहरुको PCR परीक्षण प्रतिवेदन पोजिटिभ प्रमाणित भएको अवस्थामा बीमालेख बमोजिम प्रदान गरिने बीमांक रकम भुक्तानी दावी गरेका सवै बिमितहरुलाई सम्वन्धित बीमा कम्पनीले एक हप्ता भित्र भुक्तानी गर्ने। यस कार्यको समन्वय र अनुगमन बीमा समितिले गरी दावी भुक्तानीको दैनिक प्रतिवेदन अर्थ मन्त्रालयमा पठाउने।

२. कोरोना बीमाको दावी भुक्तानी कार्यमा सर्वसाधारणवाट आएका गुनासाहरुको सुनुवाई गरी सम्वन्धित बीमा कम्पनीहरुलाई निर्देशन दिन हटलाइन टेलिफोन सहितको हेल्प डेक्स संचालन गर्ने व्यवस्था बीमा समितिले तत्काल मिलाउने।

सो अवसरमा अर्थ मन्त्रालयका सचिवहरु, बीमा समितिका अध्यक्ष, नेपाल बिमक संघका अध्यक्ष र मन्त्रालयका पदाधिकारीहरु लगायतको उपस्थिति रहेको थियो।

(रामेश्वर दंगाल)
सहसचिव/प्रवक्ता

कार्तिक १८, २०७७
अर्थ मन्त्रालय, सिंहदरवार ।

Scanned with CamScanner